# कोभिड-१९ महामारीको “दोस्रो लहर” र नेपालको विद्यालय शिक्षा : केही छानिएका अध्ययन सामग्री

**COVID-19 Pandemic Second Wave and School Education in Nepal: Some Selected Reading Material**


*संकलक*

**सन्जिला मोक्तान**



मार्टिन चौतारी

# कोभिड-१९ महामारीको "दोस्रो लहर" र नेपालको विद्यालय शिक्षा : केही छानिएका अध्ययन सामग्री

## संकलक : सन्जिला मोक्तान

Preferred citation: Moktan, Sanjila. 2021. COVID-19 Pandemic Second Wave and School Education in Nepal: Some Selected Reading Material. Version 1.0. Available at www.martinchautari.org.np/files/bibliography/COVID-19-Pandemic-Second-Wave-and-School-Education-in-Nepal_Some-Selected-Reading-Material.pdf

Version: 1.0
First published at this site: December 3, 2021

Copyright © Martin Chautari

*Publisher*
Martin Chautari
27 Jeetjung Marg, Thapathali
GPO Box 13470, Kathmandu, Nepal
Tel: +977-1-4238050/4102027; Fax: +977-1-4240059
chautari@mos.com.np
www.martinchautari.org.np

---

### संकलक परिचय

मार्टिन चौतारीको अनुसन्धान समूहमा आबद्ध **सन्जिला मोक्तान**ले विद्यालय शिक्षाको विभिन्न पाटाबारे अनुसन्धान गरेकी छन्। उनका लेख तथा समीक्षा जर्नल र पत्रपत्रिकाहरूमा प्रकाशित छन्। साथै, उनको सह-संकलनमा विविध विषयका पाँच ओटा सन्दर्भग्रन्थ सूचीहरू मार्टिन चौतारीको वेबसाइटमा प्रकाशित छन्।

# कोभिड-१९ महामारीको "दोस्रो लहर" र नेपालको विद्यालय शिक्षा : केही छानिएका अध्ययन सामग्री

## परिचय

कोरोनाभाइरस रोग (कोभिड-१९, यसपछि महामारी मात्र) नियन्त्रणका लागि लगाइएको "लकडाउन" ले नेपालमा चैत ६, २०७६ देखि कात्तिक अन्तिम हप्ता, २०७७ सम्म (करिब आठ महिना) शिक्षण संस्थाहरू बन्द भए। मंसिर पहिलो हप्ता, २०७७ बाट क्रमशः विद्यालयहरू खुले पनि विद्यालय खुलेको करिब पाँच महिना नपुग्दै पुनः महामारी फैँलदै गएपछि वैशाख १३, २०७८ देखि भदौ अन्तिम हप्ता, २०७८ सम्म (करिब चार महिना) सम्म शिक्षण संस्थाहरू बन्द गरिए। र, महामारी कम हुँदै गएपछि असोज पहिलो हप्ता, २०७८ बाट विद्यालयहरूले भौतिक उपस्थितिमै कक्षा सञ्चालन शुरू गरेका थिए। नेपालमा वैशाख २६, २०७७ देखि फागुन २८, २०७७ सम्मको समयलाई महामारीको पहिलो लहर र फागुन २९, २०७७ देखि असार अन्तिम हप्ता, २०७८ सम्मको समयलाई महामारीको दोस्रो लहर मानिन्छ।[१] महामारीको पहिलो लहरमा झैँ दोस्रो लहरमा पनि यसले शिक्षा क्षेत्रमा परेको प्रभावका विभिन्न पक्षबारे पत्रपत्रिकामा प्रशस्तै बहस भएका छन्। तीमध्ये, महामारीले विद्यालय शिक्षामा पारेको प्रभावबारे नेपाली छापा र अनलाइन माध्यममा प्रकाशित भएका महत्त्वपूर्ण सामग्री बटुलेर यो अध्ययन सामग्री तयार पारिएको छ। यो अध्ययन सामग्रीले

[१] महामारीको पहिलो लहरको अन्तिम दिन (फागुन २८, २०७७) मा सबैभन्दा कम ४८ जनामा कोभिड संक्रमण देखिएको थियो भने मृत्यु संख्या शून्य थियो। त्यसकै भोलिपल्ट (फागुन २९, २०७७) मा संक्रमण र मृत्युदर पुनः बढ्यो। त्यसै दिनलाई नेपालमा महामारीको दोस्रो लहरको शुरूआतको रूपमा लिइएको पाइन्छ। फागुन २९, २०७७ देखि जेठ ५, २०७८ सम्म २,०५,५७५ जनामा महामारीको संक्रमण र संक्रमणबाट २,६४५ जनाको मृत्यु भएको थियो; थप हेर्नुहोस्, दुलाल, सन्तोष। २०७८। नेपालमा कोरोनाको दोस्रो लहर कति घातक ? *नयाँ पत्रिका*, जेठ ७। www.nayapatrikadaily.com/news-details/64486/2021-05-21 मा उपलब्ध; मंसिर १७, २०७८ मा हेरिएको।

समग्रमा महामारीको दोस्रो लहरले विद्यालय शिक्षामा पारेको प्रभावको विभिन्न पक्षबारे बुझ्न सहयोग गर्छ ।[२]

यो अध्ययन सामग्रीलाई "महामारीको दोस्रो लहरमा विद्यालय शिक्षा र संघीय सरकार," "महामारीको दोस्रो लहरमा विद्यालय शिक्षा र स्थानीय सरकार," "महामारीको दोस्रो लहरमा सामुदायिक विद्यालय," "महामारीको दोस्रो लहरमा संस्थागत विद्यालय," "महामारीको दोस्रो लहरमा एसईई र कक्षा १२ को परीक्षा" र "महामारीमा विद्यालय शिक्षा र डिजिटल डिभाइड" गरी छ शीर्षकमा बाँडेर प्रस्तुत गरिएको छ । अध्ययन सामग्रीको सूची संकलनको लागि पुस १७, २०७७ (जनवरी १, २०२१) देखि मंसिर १४, २०७८ (नोभेम्बर ३०, २०२१) सम्म नेपालका विभिन्न दैनिक पत्रपत्रिका, अनलाइन र म्यागेजिनमा कोभिड-१९ महामारी र विद्यालय शिक्षासम्बन्धी प्रकाशित लेख, समाचार, सम्पादकीय र टिप्पणी हेरिएको थियो । हेरिएका पत्रपत्रिकामा *कान्तिपुर*, *नयाँ पत्रिका*, *नागरिक*, *अन्नपूर्ण पोस्ट*, *द काठमाडौँ पोष्ट*, *गोरखापत्र*, *द राइजिङ नेपाल*, *हिमालखबर*, *शिक्षक* प्रमुख छन् । त्यस्तै, अनलाइनहरूमा *सेतोपाटी*, *एडु-पत्र*, *एडुखबर*, *एजुकेशनपाटी* र *शिलापत्र* प्रमुख छन् ।

## महामारीको दोस्रो लहरमा विद्यालय शिक्षा र संघीय सरकार

महामारीको पहिलो लहरमा जस्तै दोस्रो लहरमा पनि महामारीका कारण विद्यालय बन्द गर्ने कि नगर्ने, यदि बन्द गर्नु परे कहिलेदेखि कहिलेसम्म बन्द गर्ने, वैकल्पिक पठनपाठनलाई कसरी अगाडि बढाउने, परीक्षा सञ्चालन, नतिजा प्रकाशन र वार्षिक विद्यार्थी भर्ना जस्ता नियमित शैक्षिक कार्यक्रममा सरकारी अलमल प्रमुख रूपमा देखा परे । त्यसैगरी, महामारी नियन्त्रण गर्न सरकारकै मन्त्रालयहरू (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय) बीच निर्णय लिने सन्दर्भमा समन्वय नभएको विषयलाई समेत पत्रपत्रिकाले उठाए । विद्यालय बन्द वा सञ्चालन तथा वैकल्पिक पठनपाठनबारे निर्णय गर्ने प्रमुख अधिकार संघीय

[२] शिक्षामा महामारीले पारेको प्रभाव बुझ्नका लागि थप हेर्नुहोस्, मोक्तान, सन्जिला र देवेन्द्र उप्रेती । २०७८ । कोभिड-१९ महामारीमा विद्यालय शिक्षा : अनुसन्धान प्रतिवेदन । काठमाडौँ : मार्टिन चौतारी । www.martinchautari.org.np/files/Report_School-education-during-the-COVID-19-pandemic_CRS2021-1.pdf मा उपलब्ध; मोक्तान, सन्जिला । सन् २०२१ । कोभिड-१९ महामारी र नेपालको विद्यालय शिक्षा : केही चुनिन्दा अध्ययन सामग्री । www.martinchautari.org.np/files/Covid-19-Pandemic-and-School-Education-in-Nepal_A-Select-Reading-List.pdf मा उपलब्ध; तामाङ, सन्जिला । सन् २०२१ । कोभिड-१९ महामारी र नेपालको विद्यालय शिक्षा सम्बन्धी सन्दर्भ सामग्री । www.martinchautari.org.np/files/bibliography/Covid-19-Pandemic-and-School-Education-in-Nepal-Bibliography-CBS2021-1.pdf मा उपलब्ध; मंसिर १८, २०७८ मा हेरिएको ।

सरकारको शिक्षा मन्त्रालयसँग मात्रै रहेको पाइयो। शिक्षा मन्त्रालयको भूमिका पहिलो लहरमा झैँ दोस्रो लहरमा पनि निर्देशिका र कार्ययोजना बनाउनेमै सीमित देखियो। र, तीन तहका सरकारबीच समन्वय या नेतृत्व गर्ने शिक्षा मन्त्रालय जागरुक देखिएन। यी विषय छापा तथा अनलाइनमा प्रकाशित निम्न सामग्रीहरूले प्राथमिकता साथ उठाएका छन् :

आचार्य, देवीराम । २०७८ । शिक्षण सिकाइको निरन्तरता, जटिलता र सम्भावना । *कान्तिपुर*, साउन ७ । https://ekantipur.com/bibidha/2021/07/22/162695321105228873.html मा उपलब्ध; साउन ७, २०७८ मा हेरिएको ।

एडु-पत्र । २०७८ । विद्यालय खोल्ने कि बन्द गर्ने, केहीले खोले अधिकांश अन्योलमा (साप्ताहिक शैक्षिक गतिविधि भदौ १२–१८) । भदौ १८ । https://edupatra.com/news/opening-or-closing-schools-some-opened-most-confused/ मा उपलब्ध; भदौ १८, २०७८ मा हेरिएको ।

काफ्ले, कौशल । २०७८ । कोरोनाकालमा वैकल्पिक विधि : निर्देशिकाको भरमा सरकार, कार्यान्वयनमा विद्यालयलाई कठिनाइ । *शिलापत्र*, भदौ १४ । https://shilapatra.com/detail/65413 मा उपलब्ध; भदौ २५, २०७८ मा हेरिएको ।

कार्की, उजिर । २०७८ । विद्यालय सञ्चालनबारे चारथरी निर्देशन, अन्यौलमा अभिभावक । *नेपालखबर*, वैशाख ३ । https://nepalkhabar.com/politics/55404-2021-04-16-14-45-58 मा उपलब्ध; जेठ ३, २०७८ मा हेरिएको।

गौतम, भवानीश्वर । २०७८ । नयाँ शैक्षिक सत्रमा पनि अनलाइन पठनपाठन, तर वर्षदिनसम्म तयारी शून्य । *नयाँ पत्रिका*, जेठ १३ । www.nayapatrikadaily.com/news-details/64750/2021-05-27 मा उपलब्ध; जेठ १३, २०७८ मा हेरिएको ।

## महामारीको दोस्रो लहरमा विद्यालय शिक्षा र स्थानीय सरकार

महामारीको दोस्रो लहरमा पनि स्थानीय सरकारले विद्यालय बन्द र वैकल्पिक पठनपाठन सम्बन्धको निर्णय गर्न संघीय सरकारकै निर्देशनलाई पर्खिनु पर्ने अवस्था देखियो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सहरी क्षेत्रका विद्यालय संक्रमणको उच्च जोखिममा भएकोले तत्काल विद्यालय बन्द गर्न भने पनि अधिकांश स्थानीय सरकार विद्यालय बन्द गर्ने कि नगर्ने

भनेर शिक्षा मन्त्रालयकै निर्णयलाई कुरेर बसे । यद्यपि, विद्यालय सञ्चालन वा वैकल्पिक पठनपाठनमा महामारीको पहिलो लहरको तुलनामा स्थानीय सरकारको भूमिका दोस्रो लहरमा केही सक्रिय देखियो । आफ्नो संविधानप्रदत्त अधिकार अनुसार केही स्थानीय सरकारले विद्यालयमा वैकल्पिक पठनपाठन तथा रोकिएका परीक्षा सञ्चालनमा सक्रिय भूमिका खेलेका थिए । उदाहरणका लागि, केही स्थानीय सरकारले शैक्षिक सत्र २०७७ को कक्षा १ देखि ९ सम्मका विद्यार्थीको परीक्षा सञ्चालनको लागि आन्तरिक मूल्यांकनको आधारमा नतिजा प्रकाशन गर्न सक्ने कार्यविधि बनाए । दोस्रो लहरमा पनि पहिलो लहरमा जस्तै जिल्ला प्रशासन कार्यालयले कतै-कतै विद्यालय सञ्चालन गर्ने स्थानीय सरकारको निर्णयमा हस्तक्षेप गरेको पाइयो । यी र यस्तै विषयमा तलका सामग्रीले प्रकाश पारेका छन् :

एडु-पत्र । २०७८ । धमाधम वार्षिक परीक्षाको निर्णय गर्दै स्थानीय तह । जेठ ४ । https://edupatra.com/news/The local-level-is-deciding-the-annual-examination/ मा उपलब्ध; जेठ ४, २०७८ मा हेरिएको ।

एडु-पत्र । २०७८ । दुर दराजमा सोचे जस्तो सहज छैन वैकिल्पक शिक्षण, स्थानीय तह गुणस्तर सुधारभन्दा भौतिक सुधार केन्द्रित । साउन १९ । https://edupatra.com/news/alternative-teaching-is-not-as-easy-as-you-think-in-the-long-run-even-the-local-level-focuses-on-physical-improvement/ मा उपलब्ध; साउन २०, २०७८ मा हेरिएको ।

कैनी, सुदीप । २०७८ । विद्यालय खुलाउँदै स्थानीय तह । *कान्तिपुर*, भदौ १५ । https://ekantipur.com/news/2021/08/31/ 16304051465109228.html मा उपलब्ध; भदौ १५, २०७८ मा हेरिएको ।

राई, विवेक । २०७८ । काठमाडौँमा विद्यालय खोल्नेबारे अन्योल : स्थानीय तह, शिक्षक र अभिभावकसँग छलफल गरिने । *सेतोपाटी*, भदौ २० । www.setopati.com/social/248019 मा उपलब्ध; भदौ २०, २०७८ मा हेरिएको ।

रासस । २०७८ । सबै विद्यालय बन्द गर्न प्रशासनको निर्देशन । साउन १९ । https://gorkhapatraonline.com/education/2021-08-03-43527 मा उपलब्ध; साउन १९, २०७८ मा हेरिएको ।

## महामारीको दोस्रो लहरमा सामुदायिक विद्यालय

महामारीको दोस्रो लहरमा विद्यालय करिब चार महिना बन्द भए । विद्यालय बन्द भएपछि अधिकांश सामुदायिक विद्यालयले वैकल्पिक विधिबाट पठनपाठन गर्न सकेका थिएनन् । त्यस्तै, सामुदायिक विद्यालयले अनलाइनबाट पठनपाठन गर्न भौतिक पूर्वाधार तयार पार्न सकेनन् । र, पूर्वाधार भएका विद्यालयले पनि नियमित पठनपाठन सञ्चालन गर्न सकेको देखिएन । साथै, संक्रमण कम रहेको क्षेत्रमा विभिन्न मोडालिटीमा विद्यालय सञ्चालन गर्न सकिने भएपनि विद्यालयका शिक्षकहरू विद्यालय नखुलेसम्म पठनपाठन नगर्ने मनस्थितिमा देखिन्थे । पत्रपत्रिकामा प्रकाशित केही सामग्रीले विद्यार्थीहरू विद्यालयको नियमित सम्पर्कमा नभएको र विद्यालयबाट उनीहरूले पढ्ने सामग्री नलगेका विषयलाई उठाएका थिए । महामारीको दोस्रो लहरमा विशेष गरी काठमाडौँ उपत्यकाका सामुदायिक विद्यालयमा विद्यार्थीहरू घटेका थिए । विद्यालय सञ्चालनबारे संघीय र स्थानीय सरकारको निर्णय फरक हुँदा विद्यालय खोल्ने कि बन्द गर्ने भन्नेमा अन्योल सिर्जना भयो । उल्लिखित विषयमा प्रकाशित भएका मध्ये केही सामग्रीको सूची यस प्रकार छ :


एडु-पत्र । २०७८ । संघीय र स्थानीय सरकारको निर्णय फरक हुँदा मारमा शिक्षक । वैशाख २३ । https://edupatra.com/news/teachers-in-marama-when-federal-and-local-gov-decisions-are-different/ मा उपलब्ध; वैशाख २३, २०७८ मा हेरिएको ।

तिमल्सिना, नवीन । २०७८ । विद्यार्थी नआएपछि विद्यालयमै थन्कियो पुस्तक, घरघर पुग्दै शिक्षक । *शिलापत्र*, साउन ९ । https://shilapatra.com/detail/63198 मा उपलब्ध; साउन १०, २०७८ मा हेरिएको ।

थापा, हरि र दिलकमल क्षेत्री । २०७८ । सामुदायिक विद्यालय कहिले खुल्लान् ? *कान्तिपुर*, भदौ १० । https://ekantipur.com/opinion/2021/08/26/162994770568639341.html मा उपलब्ध; भदौ १०, २०७८ मा हेरिएको ।

राई, नुतुना । २०७८ । उपत्यकाका सामुदायिक विद्यालयको दुर्दशा : सम्पर्कमै छैनन् विद्यार्थी । *अनलाइनखबर*, असार ३१ । www.onlinekhabar.com/2021/07/984122 मा उपलब्ध; असार ३१, २०७८ मा हेरिएको ।

राई, पूर्ण पी. । २०७८ । सामुदायिक विद्यालयमा प्रविधिमैत्री शिक्षा : कागजको जहाज ! *हिमालखबर*, असार १४ । www.himalkhabar.com/news/124653 मा उपलब्ध; असार १४, २०७८ मा हेरिएको ।

## महामारीको दोस्रो लहरमा संस्थागत विद्यालय

महामारीको संक्रमण बढ्न थालेपछि स्वास्थ्य मन्त्रालयले विद्यालय बन्द गर्न अपील गरे पनि संस्थागत विद्यालय भने विद्यालय बन्द गर्न तयार थिएनन् । विद्यालय बन्द नै पूर्ण समाधान नभएर संक्रमणको अवस्था हेरेर विद्यालय बन्द गर्ने कि नगर्ने अधिकार स्थानीय तहलाई हुनुपर्ने अडानमा संस्थागत विद्यालय थिए । त्यसैगरी, महामारीको पहिलो लहरमै इन्टरनेट पूर्वाधार तयार पारेका कारण धेरै संस्थागत विद्यालयमा दोस्रो लहरमा पठनपाठन प्रभावित भएन । त्यस्तै, महामारीको पहिलो लहरमा देखिएको संस्थागत विद्यालयको शुल्क सम्बन्धी विवाद दोस्रो लहरमा पनि देखियो । दोस्रो लहरमा केही संस्थागत विद्यालयले महामारीको प्रभाव कम गर्नका लागि आकस्मिक कोष तथा सञ्चय कोषको समेत व्यवस्था गरे । यस्ता विषयवस्तु बारेमा थप जानकारीका लागि निम्न अध्ययन सामग्रीहरू उपयोगी छन् :

अनलाइनखबर । २०७८ । शुभतारा स्कूल पूर्णरूपमा बन्द गर्ने निर्णय । जेठ १४ । www.onlinekhabar.com/2021/05/960994 मा उपलब्ध; जेठ १४, २०७८ मा हेरिएको ।

एजुकेशनपाटी । २०७७ । आकस्मिक विपत्तिसँग जुध्न निजी विद्यालयहरूमा अब 'जगेडा कोष' । चैत्र १२ । https://educationpati.com/npabson1/ मा उपलब्ध; मंसिर १०, २०७८ मा हेरिएको ।

कैनी, सुदीप । २०७८ । निजीका शिक्षकलाई न्यून तलब । *कान्तिपुर*, असोज २ । https://ekantipur.com/news/ 2021/09/18/163192612274292994.html मा उपलब्ध; असोज २, २०७८ मा हेरिएको ।

प्याकुरेल, भवनाथ । २०७८ । कोरोनाकालमा निजी विद्यालयको भविष्य । *नयाँ पत्रिका*, वैशाख ७ । www.nayapatrikadaily.com/news-details/62980/2021-04-20 मा उपलब्ध; वैशाख ७, २०७८ मा हेरिएको ।

सुब्बा, रोश्ना । २०७७ । विद्यालय बन्दै छन् विभेद महसुस गराउने 'विभेदालय' । *शिलापत्र*, चैत १७ । https://shilapatra.com/ detail/54472 मा उपलब्ध; चैत २०, २०७७ मा हेरिएको ।

## महामारीको दोस्रो लहरमा एसईई र कक्षा १२ को परीक्षा

महामारीको पहिलो लहरमा जस्तै दोस्रो लहरमा पनि बिना विकल्प परीक्षा स्थगित गर्ने र विद्यार्थीको आन्तरिक मूल्यांकनको आधारमा नतिजा प्रकाशन गर्ने कि भौतिक उपस्थितिमै परीक्षा सञ्चालन गर्ने भनेर निर्णय लिन समय लागेको थियो। वैशाख २७, २०७८ मा बसेको राष्ट्रिय परीक्षा बोर्ड बैठकले जेठ १३, २०७८ बाट सञ्चालन हुने एसईई परीक्षा स्थगित गर्‍यो। रोकिएका परीक्षाको सञ्चालन सन्दर्भमा निर्णय गर्न एक महिना लगाएर अघिल्लो वर्षको जस्तै एसईईको आन्तरिक मूल्यांकनकै आधारमा नतिजा प्रकाशन गर्ने तय भयो। शैक्षिक सत्र २०७७ को "कक्षा १२" को वार्षिक परीक्षा जेठ २६, २०७८ मा हुनुपर्नेमा दुई पटक स्थगित गरेर तीन महिनापछि मात्र सञ्चालन भयो। कक्षा १२ को परीक्षा बिना विकल्प स्थगित गरेको भन्दै सञ्चार माध्यममा व्यापक टीकाटिप्पणी भएपछि सरकारले १८ वर्ष माथिका "कक्षा १२" का परीक्षार्थीहरूलाई खोपको व्यवस्था गरी भौतिक उपस्थितिमै परीक्षा दिन सक्ने व्यवस्था गरेको थियो। एसईई परीक्षालाई सधैँको लागि हटाउनु पर्ने बहस दोस्रो लहरमा पनि उठेको थियो। यी विषय छापा तथा अनलाइनमा प्रकाशित निम्न सामग्रीहरूले प्राथमिकता साथ उठाएका छन् :

आचार्य, सुरेश । २०७८ । एसईई परिणाम र १२ को स्थगित परीक्षा । *नागरिक*, साउन २५ । https://nagariknews.nagariknetwork.com/ opinion/594501-1628487500.html मा उपलब्ध; साउन २७, २०७८ मा हेरिएको।

एडु-पत्र । २०७८ । एसईई तामझामका साथ गर्ने परम्पराको अन्त्य गर्नुपर्छ । जेठ ३१ । https://edupatra.com/news/the-tradition-of-doing-see-with-pomp-should-end/ मा उपलब्ध; जेठ ३१, २०७८ मा हेरिएको ।

कान्तिपुर । २०७८ । कक्षा १२ भन्दा माथिल्लो तहका सबै विद्यार्थीलाई खोप । भदौ १० । https://ekantipur.com/news/ 2021/07/28/162745692447421700.html मा उपलब्ध; भदौ १९, २०७८ मा हेरिएको ।

कैनी, सुदीप । २०७८ । परीक्षा कुनै रोक्ने, कुनै नरोक्ने ? *कान्तिपुर*, साउन २६ । https://ekantipur.com/news/2021/ 08/10/162856050697419942.html मा उपलब्ध; साउन २५, २०७८ मा हेरिएको ।

सिलवाल, प्रकाश । २०७७ । कक्षा १० को एसईई राष्ट्रिय कि प्रदेशस्तरबाट ? *राසस*, माघ १५ । https://gorkhapatraonline. com/education/2021-01-28-30970 मा उपलब्ध; माघ १५, २०७७ मा हेरिएको ।

## महामारीको दोस्रो लहरमा विद्यालय शिक्षा र डिजिटल डिभाइड

महामारीको दोस्रो लहरमा विशेष गरेर अनलाइन कक्षा सञ्चालन गर्दा "डिजिटल डिभाइड" प्रमुख समस्याको रूपमा देखियो । अनलाइनको पहुँचमा भएका र प्रयोग गर्न सक्नेले अनलाइनबाट पढ्न सके भने अनलाइनको पहुँचमा नभएकाहरू नियमित पठनपाठनबाट वञ्चित भए । असार १, २०७८ बाट नयाँ शैक्षिक सत्र शुरू भए पनि महामारीका कारण धेरै सामुदायिक विद्यालयमा पठनपाठन हुन सकिरहेको थिएन । विशेष गरी ग्रामीण भेगमा इन्टरनेटको नेटवर्क कमजोर हुदाँ (या नहुँदा) केही विद्यार्थीले इन्टरनेटको नेटवर्क लाग्ने ठाउँलाई आफ्नो पढ्ने स्थल समेत बनाएका विषय पत्रपत्रिकामा आएका थिए । यी विभिन्न विषयमा प्रकाशित भएका मध्ये केही अध्ययन सामग्रीको सूची यहाँ छन् :

काफ्ले, कौशल । २०७८ । शैक्षिकसत्र त शुरू भयो तर ग्रामीण भेगका विद्यार्थीलाई कसरी सम्बोधन गर्ने ? *शिलापत्र*, असार ३ । https://shilapatra.com/detail/60569 मा उपलब्ध; भदौ २५, २०७८ मा हेरिएको ।

गौतम, दिनेश । २०७८ । विद्यालयको सम्पर्कमा छैनन् २० प्रतिशत विद्यार्थी, मजदुरका छोराछोरीको दुखेसो - मोबाइल र इन्टरनेट छैन, कसरी पढ्नु ? *शिलापत्र*, भदौ १३ । https://shilapatra.com/detail/65611 मा उपलब्ध; भदौ १४, २०७८ मा हेरिएको ।

गौतम, भवानीश्वर । २०७८ । नेपालमा अनलाइन कक्षा लिने २७.५ प्रतिशत मात्र । *नयाँ पत्रिका*, भदौ २५ । www.nayapatrikadaily.com/news-details/70557/2021-09-10 मा उपलब्ध; भदौ २५, २०७८ मा हेरिएको ।

राई, दमन । २०७८ । रुखमा डेरा बनाएर अनलाइन कक्षामा सहभागी हुन्छन् धनकुमार । *नागरिक*, भदौ २६ । https://nagariknews.nagariknetwork.com/

education/620431-1631348860.html मा उपलब्ध; भदौ २६, २०७८ मा हेरिएको ।

रासस। २०७८। विद्यार्थीको पीडा : अनलाइनको आशै छैन, पशुचौपाया चराउँदै बित्छ दिन ! जेठ ४ । https://gorkhapatraonline.com/education/2021-05-18-37725 मा उपलब्ध; साउन २४, २०७८ मा हेरिएको ।